# परिच्छेद एकः पृष्ठभूमि

## १.१. पृष्ठभूमिः

कूनैपनि स्थानको बारेमा वर्तमान अवस्था अवगत गर्न र त्यसवाट स्थितिको विश्लेषण, योजना तर्जुमा गर्न सूचना तथा तथ्यांकहरुको महत्वपूर्ण भुमिका हुन्छ । खासगरी विकाससंग सम्वन्धित कार्यालयहरु लगायत योजना तर्जुमा, कार्यान्वयन तथा संचालन गर्ने अन्य संघसंस्थाहरुको लागि यो आधारभूत आवश्यकता हो । स्थानीय स्तरका समस्या वा विकासका अबरोधहरु पहिचान नभए सम्म विकास योजनाहरु अर्थहिन हुन्छन । हरेक गाउं, नगर वा क्षेत्र विविध खाले समस्या वा आवश्यकताबाट प्रताडित भएको पाईएको हुँदा यी क्षेत्रमा कार्यरत संघ/संस्थाहरुलाई आआफ्नो क्षेत्रको वास्तविक वस्तुस्थितिको पहिचान हुनु आबश्यक हून्छ । यस पृष्ठभूमिमा आधारित रही लमही नगरपालिका कार्यालयले नगरका विविध विषयवस्तुहरु समेटी यस लमही नगपालिकाको प्रोफाईल तयार गरेको हो ।

## १.२ उद्धेश्यः

समग्रमा यस अध्ययनको मुख्य उद्देश्य लमही नगरपालिकाको समग्र आर्थिक सामाजिक अवस्थाको जानकारी उपलब्ध गराउनु हो । नेपालको संविधान २०७२ अनुसार स्थानीय तह निर्माण र सो को कार्यान्वयन गर्ने सन्दर्भमा साविकका विभिन्न गा.वि.स. तथा नगरपालिकाहरु एकीकृत भई नयाँ स्थानीय तहहरु निर्माण भएको सन्दर्भमा नयाँ संरचना अनुसारको लमही नगरपालिकाको समग्र वस्तुगत विवरणको  विश्लेषणगरी आगामी दिनहरुमा लमही नगरपालिकाको नीति योजना तथा कार्यक्रम तय गर्न,तीनीहरुको कार्यान्वयन लगायत अनुगमन मूल्याकंनमा समेत सहयोग पुऱ्याउनु यस पार्श्वचित्रको उद्देश्य रहेको छ । वुँदागत रुपमा यस नगर पार्श्वचित्रको मुख्य उद्देश्यहरु निम्न वमोजिम रहेका छन् ।

- ❖ केन्द्रीय तथ्यांक विभागमा जनगणना लगायत अन्य सर्भेक्षणहरुवाट प्राप्त यस नगरपालिकासंग सम्वन्धित सूचना तथा अभिलेख एकीकृत गर्ने ।
- ❖ नगर ता ईलाका स्तरका अन्य विभिन्न तथ्यांकहरु समेटी नगरको वास्तविक विवरण प्रकाशन गर्ने

## १.३ महत्वः

विकासका प्रतिफलहरु जनसमक्ष पुऱ्याउन एवं सबै वर्गले उपयोग गर्न सक्ने वातावरणाको श्रृजना गर्नका लागी स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आवश्यक हुन्छ । आजको विश्वव्यापीकरणको युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरु अगाडी बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरुरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरु तर्जुमा गर्न तथा विभिन्न विकासका कियाकलापहरु संचालन गर्न विशेष महत्व राख्ने छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकास प्रेमी सर्वसाधारण, समाजसेवी लगायत जिज्ञासु महानुभावहरुलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको व्यापक महत्व रहेको छ ।

## १.४ अध्ययन बिधिः

यो पार्श्वचित्र तयारीको लागि मूल रुपमा द्धितियक श्रोतवाट तथ्यांकहरु संकलन गरिएको छ । नेपालको सन्दर्भमा केन्द्रीय तथ्यांक विभाग विविध प्रकारका तथ्यांकहरु संकलन, विश्लेषण तथा प्रकाशन गर्ने आधिकारिक निकाय हो । विभागले जनगणना तथा विभिन्न सर्भेक्षणहरु मार्फत विभिन्न प्रकारका तथ्यांकहरु प्रकाशन गर्दछ । यीनै तथ्यांकहरुलाई एकीकृत गरी यो प्रोफाईल तयार गरिएको हो । यसका साथै दाङ जिल्ला प्रकाशन गरिएका जिल्ला स्तरका प्रकाशित तथा अप्रकाशित विविध सूचनाहरु पनि यसमा समेटीएका छन् । लमही नगरपालिका र साविकको सतवरिया गा.वि.स. ले प्रकाशन गरेका प्रतिवेदन तथा अन्य विभिन्न सरकारी, गैरसरकारी निकायका नगरपालिका तथा ईलाका स्तरका कार्यालयहरुवाट तोकिएको ढाँचामा विवरण्न समेत संकलन गरिएको थियो ।

## १.५ सिमाः

तथ्यांक संकलन तथा प्रतिवेदन निर्माण कार्यमा श्रोत साधन, समय, तथ्यांकको उपलव्धता,जनशक्ति तथा प्राविधिक सीप र ज्ञान लगायत अन्य विविध कुराहरुको सिमितताको कारणले गर्दा लमही नगरपालिकाको सम्पूर्ण विवरणहरु यस प्राफाईलमा समेट्न नसकिएको हुन सक्दछ । मूल रुपमा द्धितियक श्रोतवाट तथ्यांक संकलन गरिएकाले सवै क्षेत्रका विवरण समेट्न नसकिएको हो । आर्थिक सामाजिक सूचकहरु वडा स्तरमा सम्पूर्ण रुपमा उपलव्ध गराउन सहिएको छैन । साविकका गा.वि.स.का विभिन्न वडाहरु मिलि नयाँ वडाहरु निर्माण गरिएकाले नयाँ वडाहरुका केही सूचकहरु उपलव्ध गराउन कठीनाई भएको हो ।

# परिच्छेद दुई : नगर परिचय

## १.१ संक्षिप्त परिचयः

नेपाल सरकारको मिति २०७१ मंसिर १६ गतेको निर्णय अनुसार प्रारम्भमा साविक सोनपुर तथा चैलाही गा.वि.स. समायोजन गरि लमही नगरपालिका घोषणा भएको थियो । नेपालको संविधान, २०७२ लागू भए संगै स्थानीय तहहरु निर्माण गर्ने क्रममा नेपाल सरकारकै मिति २०७३ फागुन २२ गतेको निर्णय तथा फागुन २७ गतेको राजपत्रमा प्रकाशित सूचना अनुसार पूर्व घोषित लमही नगरपालिकामा साविकको सतवरीया गा.वि.स. लाई समेत समेटेर लमही नगरपालिकाको क्षेत्र विस्तार गरिएको छ । नेपालको संविधान २०७२ अनुसार प्रदेश नं ५ अन्तर्गत पर्ने यो नगर दाङ्ग जिल्ला का २ वटा उपमहानगरपालिका सहित तेश्रो नगरपालिका हो । दाङ्ग जिल्लाको देउखुरी उपत्यकाको वीच भागमा पर्ने यो नगरपालिकाको केन्द्र लमही वजार जिल्ला सदरमुकाम घोराही वाट करिव २५ किलोमिटर को दुरीमा पर्छ । नयाँ संरचना अनुसार यस नगरपालिकामा ९ वटा वडाहरु रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकामा ९,४३२ घरपरिवार वसोवास गर्दछन् । नगरपालिकाको को कुल जनसंख्या ४७,६५५ रहेको छ । जसमा पुरुषको संख्या २२,८९८ र महिलाको जनसंख्या २४,७५७ रहेको छ ।

३२६.६६ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको यस लमही नगरपालिका पूर्वमा ८२.६३ पूर्वी देशान्तर देखी पश्चिममा ८२.१९ डिग्री पश्चिसम्म र उत्तरमा २८.०३ डिग्री उत्तरी अक्षांस देखि २७.८३ डिग्री दक्षिण सम्म चुरे पर्वतको वीचमा अवस्थित छ । यो क्षेत्र समुद्र सतह देखी सरदर २४६ मिटरको उचाईमा छ । यस लमही नगरपालिका लाई पूर्व पश्चिम राजमार्गले करिव करिव वीच भागवाट छेडेर गएको छ । हाल यस नगरपालिकाको पूर्वमा राप्ती गाउँपालिका, उत्तरमा घोराही तथा तुलसीपुर उपहानगरपालिका, पश्चिममा राजपुर गाउँपालिका र वाँके जिल्ला तथा दक्षिणमा राजपुर र गढवा गाउँपालिका पर्दछन् ।

लमही नगरपालिकाको अधिकांस भूमाग समथर रहेकोले यहाँको हावापानी गर्मी रहेको छ । यहाँको अधिकतम तापक्रम औसत ४२ डिग्री सेल्सीयस र न्युनतम तापक्रम औसत २ डिग्री सेल्सीयस हुन्छ । वार्षिक औसत वर्षा १३४० मि.मि. हुने मौसमी तथ्यांक छ । यस नगरपालिकाको हावापानी र वातावरण सुन्दर र रमणीय रहेको छ । राप्ती नदी तथा अर्जुन खोला वाट नहर निर्माण गरी सिचाई गरिने भएकोले यहाँको जमिन उर्वर रहेको छ । यस नगरपालिकाका अधिकांस वासिन्दाहरुको मुख्य पेशा कृषि हो । धान, मकै, गहुँ, तेलहन तथा दलहन आदी को खेती प्रमुख रुपमा यस नगरपालिका क्षेत्र भित्र गरिन्छ । आलु, प्याज, गोलभेडा, लसुन, भन्टा, चम्सुर, रायो, सिमी वोडी, बन्दा, काउली, भिण्डी, परवर आदी मुख्य तरकारी वालीको खेती यस क्षेत्र भित्र गरिन्छ ।

यस नगरपालिका क्षेत्रका सवै ९ वटै वडामा गरि करिव ९० प्रमुख मानव वस्तीहरु रहेका छन् । राजमार्ग वरिपरिका केही वस्तीहरु वाहेक अन्य वस्तीहरु ग्रामिण ईलाकामा रहेका छन् । चुरे पहाडी क्षेत्र देखि तराई भावर सम्म छरिएर रहेका यी वस्तीहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.१: नगरपालिका भित्र रहेका प्रमुख गाँउ/वस्तीहरुको नाम र साविकको गा.वि.स र वडा

| हालको वडा नं | साविकको गा.वि.स. तथा वडा | गाउँ/वस्तीहरुको नाम |
|---|---|---|
| १ | सोनपुर १, ८ | नर्ति, सुनडबरी, कौडिवा, दुर्गाटोल, खुरी, बौराहा, सिलतापुर, रातामाटा, दहखोली, भुस्सर, |
| २ | सोनपुर २,३,९,४,६,७ | केरुनिया, डोरही, बनगाउँ, सोनपुर, हिगतपुर,रनियापुर, बनकट्टा, बनकट्टी, रुीगाउँ, राजपुर, घडुरियाडाँडा |
| ३ | सोनपुर ५, चैलाही ८,९ | फल्कापुर, टिकलिगढ, कान्तिपुर, सुनडबरी, जखेरा, उत्तर मजगाउँ, मसानघाट, नारायणपुर, बनगाउँ |
| ४ | चैलाही १,६,७ | भैसकुर्मा, घुम्नी, घुम्ना, गुर्जीहवा, समेहवा, भूरीपुरा, अर्नवा, चैलाही |
| ५ | चैलाही २ | लमही, कोलही |
| ६ | चैलाही ३,४,५ | बलमपुरा, खैरी, लेगडि, मध्यनगर देउपुर, मैरहवा, कुलमोहर, अर्जुनखोला |
| ७ | सतवरिया गा.वि.स वडा नं. १,२ र ३ | हसनापुर, बनगाई, कमानपुर, बनघुस्री, छोटकी वनघुस्री, कप्तानगन्ज, बनघुस्री खुटी, अर्जुन खोला, नयाँ बस्ति, उचानिम्बु जनकपुर र जनकपुर |
| ८ | सतवरिया गा.वि.स वडा नं. ४,५,६ र ७ | गिधनिया, बिचका गाँउ, नम्बुखुटी, सतबरिया, धनपुरुवा, सघर्ष टोल, दुईघरुवा गोभ्कना, गणेशपुर, भौका असानी, बिजुलीपुर, जहरे, खोलीगाउँ, बाघखोली र दमारा |
| ९ | सतवरिया गा.वि.स वडा नं. ८ र ९ | भत्तरकुण्डी, लौरी, रिहार, पैते, घुयली, मैनेखुटी, धवारी , तेलीया, हर्दवा, कोलतारा, तरुलीया, स्याले, हात्तीखाल, जलकुण्डी, बाङ्गेताल, अमिलिया र शिवखोला |

## २.२ नगरका प्रमुख आर्कषणहरु:

लमही नगरपालिकाको क्षेत्र भित्र विभिन्न प्रकारका  धार्मिक साँस्कृतिक सम्पदाहरु रहेका छन् । यीनी स्थलहरु यस नगरका प्रमुख पर्यटकीय स्थलहरु हुन् । रीति रिवाज र परम्परा अनुसार यी स्थलहरुमा विभिन्न चाडपर्वहरुमा मानिसहरु आउने गर्दछन् । विषेशगरी शिवरात्री, दशैं, माघे संक्रान्ती, चैते दशै, तिज जस्ता चाडपर्वमा यसक्षेत्रमा मानिसहरुको जमघट हुने गर्दछ । थारुजातिको मौलिक संस्कृतिले यस क्षेत्रको विशिष्ट साँस्कृतिक पहिचान बोकेको छ । वडा नं. ९ मा अवस्थित रिहार मन्दिर यस गाविसको प्रमुख साँस्कृतिक धरोहरका रुपमा रहेको छ । यसका साथै अन्य मन्दिर, मस्जित तथा ताल तलैयाले लमही नगर भरिपूर्ण छ । नगरक्षेत्रमा रहेका केही प्रमुख पर्यकटकीय तथा धार्मिक स्थलको विवरण छोटकरीमा तल उल्लेख गरिएको छ ।

तालिका २.२ : नगरका प्रमुख पर्यटकीय स्थलहरु

| क्र.स. | पर्यटकीय स्थलको नाम | ठेगाना |
|---|---|---|
| १ | शिव मन्दिर | लमही - २ बरुवागाँउ |
| २ | शिव मन्दिर | लमही -१ सिंगई खोला |

| | | |
|---|---|---|
| ३ | शिव मन्दिर | लमही -३ बनकट्टा |
| ४ | नारायणेश्वर मन्दिर | लमही -३ नारयण पुर |
| ५ | स्वर्गद्धारी आश्रम | लमही -३ वनगाउँ |
| ६ | शिव मन्दिर | लमही -४ भैसकार्मा |
| ७ | सिता लहान | लमही -४ चैलाही |
| ८ | शिव मन्दिर | लमही -४ अर्नवा |
| ९ | दुमदुम भवानी | लमही - ६ खैरी |
| १० | गोरक्ष रत्ननाथ मन्दिर | लमही -६ देउपुर |
| ११ | शिव मन्दिर | लमही -५ सुनखोली |
| १२ | आशापूर्ण महादेव मन्दिर | लमही -५ लमही |
| १३ | रिहार मन्दिर | लमही -९ रिहार |
| १४ | जखेरा ताल, शिव मन्दिर | लमही-२ |

## २.३ भौतिक पूर्वाधार विकास को अवस्थाः

### सडक :

पूर्व पश्चिम राजमार्गले करिव करिव वीच भागवाट छेडेको लमही नगरपालिकामा राजमार्ग वरीपरीका क्षेत्रको भौतिक पूर्वाधारको अवस्था सन्तोषजनकै भएपनि ग्रामिण तथा पहाडी वस्तीहरुमा मानिसहरुले यसको सुविधा उल्लेख्य रुपमा लिन पाएका छैनन् । राजमार्ग वरपर क्षेत्रका केही सडकहरु कालोपत्रे भए पनि अधिकांस सहकहरु ग्राभेल र धुले छन् । जसले गर्दा वर्षा र गर्मी दुवै समयमा जनताले हिलो र धूलोको सामना गर्नुपरेको अवस्था छ । यसले एकातिर जनस्वास्थ्यमा गम्भीर  असर पार्ने देखिन्छ भने अर्कातिर जनताले स्वच्छ वातावरणमा जिउने मौलिक हकको उल्लंघन भएको देखिन्छ ।

नगर क्षेत्र भरमा करिव १५०/१५० मिटरमा ३ वटा झोलुङ्गे पुल रहेका छन् जसले ग्रामिण जनतालाई केही राहत दिएका छन् भने सवै वडामा गरी २८ स्थानमा साधारण काठेपुल रहेका छन् । त्यस्तै नगरपालिकाको अर्जुनखोला देखि अमिलिया सम्म राजमार्ग क्षेत्रमा २० वटा पक्की पुलहरु रहेका छन् ।
पूर्व पश्चिम महेन्द्र राजमार्गको करिव ५२ किलोमिटर क्षेत्र यस नगरपालिका भित्र पर्दछ । उक्त क्षेत्र वाहेक कालोपत्रे भएका सडकको दुरी नगर क्षेत्रमा निकै कम छ । नगरका लगभग सवै गाउँहरुमा सडक सुविधा पुगेको छ । अधिकांस ग्राभेल ती सडकहरुको भौतिक अवस्था कमजोर रहेको छ । नगरका प्रमुख भौतिक

तालिका २.३: नगर क्षेत्रमा रहेका सडक तथा पुलहरुको विवरण

| विवरण | किसिम/प्रकार | पुल, सडक तथा बाटोको नाम | जोडिने वस्तीहरु | | लम्बाई |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| पुल | झोलुङ्गे पुल | ३ वटा | जहरे | जङ्गग्रहवा | १५०मिटर |
| | | | भ्यूसनपुर | लइबरवा | १५०मिटर |

| विवरण | किसिम/प्रकार | पुल, सडक तथा बाटोको नाम | जोडिने वस्तीहरु | | लम्बाई |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | हातिखाल | नाका | १५०मिटर |
| | काठे पुल | २८ वटा | | | |
| | पक्की पुल | २० वटा | अर्जुनखोला | अमेलिया तथा विभिन्न वडामा गरी | |
| सडक | कालोपत्रे | महेन्द्रराजमार्ग | सिंगईखोला | अर्जुन खोला | १३ कि.मी. |
| | | महेन्द्रराजमार्ग | अर्जुन खोला | शिवखोला | ३९ कि.मी. |
| | | मध्यनगर गल्ली | महेन्द्रराजमार्ग | मध्यनगर | ३.५कि.मी. |
| | | लमही गल्ली | लमही | लमही | ५ कि.मी. |
| | | गोजेना गल्ली | धनपुरा | गोजेना | १५००मिटर |
| | ग्रावेल | | महेन्द्रराजमार्ग | बनगाई कमानपुर | ३००० मिटर |
| | | | महेन्द्रराजमार्ग | हसनापुर | २००० मिटर |
| | | | महेन्द्रराजमार्ग | बनघुस्री | ५०० मिटर |
| | | | महेन्द्रराजमार्ग | बनभुसुरी पश्चिम | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | छोट्की बनभुसुरी | ७००मिटर |
| | | | महेन्द्रराजमार्ग | कप्तानगन्ज | १५००मिटर |
| | | | महेन्द्रराजमार्ग | फचकपुर | २०००मिटर |
| | | | महेन्द्रराजमार्ग | उचानिम्बु | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | निम्बुखुट्टी | १०००मिटर |
| | | | महेन्द्रराजमार्ग | बिचकागाँउ घमेकोबाटो) | १५००मिटर |
| | | | महेन्द्रराजमार्ग | सतबरिया | १५००मिटर |
| | | | महेन्द्रराजमार्ग | धनपुरुवा | १५००मिटर |
| | | | महेन्द्रराजमार्ग | गणेशपुर | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | नयाँबस्ती | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | भौका | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | असानी | ७००मिटर |
| | | | महेन्द्रराजमार्ग | जहरे | ८००मिटर |
| | | | महेन्द्रराजमार्ग | बिजुलीपुर | ५००मिटर |
| | | | महेन्द्रराजमार्ग | भत्तरकुण्डी | ६००मिटर |
| | | | महेन्द्रराजमार्ग | पैटे | ८००मिटर |
| | | | महेन्द्रराजमार्ग | रिहार | ८००मिटर |
| | | | महेन्द्रराजमार्ग | मैने | ६००मिटर |
| | | | महेन्द्रराजमार्ग | तेलिया,कोलटारा | ३०००मिटर |
| | | | महेन्द्रराजमार्ग | धवारी | ६००मिटर |
| | | | महेन्द्रराजमार्ग | हर्दवा,घिउफच्का | ७००मिटर |
| | | | महेन्द्रराजमार्ग | हात्तिखाल | ६००मिटर |
| | | | महेन्द्रराजमार्ग | तरुलिया | १५००मिटर |

| विवरण | किसिम/प्रकार | पुल, सडक तथा बाटोको नाम | जोडिने वस्तीहरु | | लम्बाई |
|---|---|---|---|---|---|
| | | | देखि | सम्म | |
| | | | महेन्द्रराजमार्ग | अमेलिया स्कुलतिर | ५००मिटर |
| | ग्राभेल | | लमही | राप्ती पुल | ४ कि.मी |
| | | | वनगाउ | राप्ती पुल | ४ कि.मी. |
| | | | जखेरा ताल | घुम्ना | ६ कि.मी. |
| | | | फल्कापुर | फल्कापुर | १ कि.मी. |
| | | | काडिया | वनकट्टि | ३ कि.मी. |
| | | | सुन्डवरी | सानोनदी | ३ कि.मी. |
| | | | नर्ति | केरुनिया | ३ कि.मी. |
| | | | डोरही | वरुवागाउ | ४ कि.मी. |
| | | | महेन्द्रराजमाग | मजगाँउ | ३ कि.मी. |
| | | | महेन्द्रराजमाग | घुम्ना | ३ कि.मी. |
| | | | महेन्द्रराजमाग | कोईलावास रोड | २ कि.मी. |
| | | | महेन्द्रराजमाग | लंगडी | ३ कि.मी. |
| | | दामोदररोड | वरुवागाउ | रनियापुर | ५ कि.मी. |
| | | दामोदररोड | वनकाट्ट | लमही | ५ कि.मी. |

## दुर संचारः

लमही नगरपालिका क्षेत्रमा आधुनिक संचार माध्यमको रुपमा ल्याण्डलाईन टेलिफोन, मोवाईल फोन र ईन्टरनेट सेवाको प्रयोग दिनप्रतिदिन वढिरहेको छ । ल्याण्डलाईन टेलिफोनमा नेपाल टेलिकम र मोवाईल सेवामा मा नेपाल टेलिकम र एनसेल कम्पनीले सुविधा दिईरहेका छन् । युवापुस्तामा मोवाईल ईन्टरनेटको प्रयोग पनि वढ्दो छ । संचार माध्यममै रुपमा हुलाक कार्यालयहरु पनि यस क्षेत्रमा रहेका छन् । नगर क्षेत्रमा जम्मा २ ईलाका हुलाक कार्यालय रहेका छन् । लमही वजार र सतवरियामा एक एक हुलाक कार्यालय रहेका छन् ।

## २.४ शैक्षिक अवस्थाः

लमही नगरपालिका क्षेत्रमा क्याम्पस, उच्च मा.वि. र अन्य स्तरका विद्यालयहरु रहेका छन् । लमही नगरपालिकाको ५ नं. वडा को रातोडाँडामा देउखुरी क्याम्पस रहेको छ । जसमा स्नातक तहमा मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन संकायका विषयहरु उपलव्ध छन् भने स्नात्तकोतर तहमा शिक्षा विषयको अध्ययन अध्यापन हुन्छ । कुल ६४६ जना विद्यार्थी हाल अध्ययन गरिरहेको सो क्याम्पसमा छात्रको संख्या ३०० छ भने छात्राको संख्या ३४६ रहेको छ । नगरपालिकाकै ५ नं वडाको लमही वजारमा स्वर्णिम क्याम्पस अवस्थित छ । व्यवस्थापन संकायको पढाई हुने यस क्याम्पसमा करिव ८० जना विद्यार्थीहरु अध्ययनरत छन् ।

नगरपालिका क्षेत्रमा माध्यामिक, निम्न माध्यामिक, प्राथमिक र पूर्व प्राथमिक विद्यालयहरु पनि रहेका छन् । सामुदायिक र संस्थागत दुवै प्रकारका संस्थाहरुले शिक्षण सेवा दिईरहेका छन् । नगर क्षेत्रमा निजी विद्यालयहरुको उपस्थिती पनि वाक्लै रहेको छ । यस्ता निजी विद्यालयहरु प्राय : शहर क्षेत्रमा वढी केन्द्रीत रहेको पाईन्छ । ईस्लाम धर्मावलम्वीका वालवालिकाहरको लागि लमहीमा दुईवटा मदरसा विद्यालयहरु पनि संचालनमा रहेका छन् । लमही वजारमा एक

गृहीणी महिला विद्यालय पनि संचालनमा रहेको छ । नगर क्षेत्रमा रहेका शैक्षिक संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.४क: नगरपालिका क्षेत्रमा सञ्चालित क्याम्पस तथा उच्च मा.वि.

| क्याम्पसको नाम | ठेगाना | सञ्चालित कार्यक्रम तथा तह | बिद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| देउखुरी वहुमुखी क्याम्पस | लमहि ५, रातोडाँडा | स्नातक तह (मानविकी, शिक्षाशास्त्र र व्यवस्थापन संकाय) स्नातकोत्तर तह (शिक्षाशास्त्र संकाय) | ३०० | ३४६ | ६४६ |
| स्वर्णिम क्याम्पस | लमहि ५, लमही | व्यवस्थापन संकाय | | | ८० |

तालिका २.४ख: नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालयको प्रकार अनुसारको संख्या

| शैक्षिक संस्था | किसिम | जम्मा संख्या |
|---|---|---|
| प्राथमिक/पूर्व प्राथमिक विद्यालय | सामुदायिक | ९ |
| | संस्थागत | १४ |
| | अन्य | |
| निम्न माध्यामिक विद्यालय | सामुदायिक | ९ |
| | संस्थागत | २ |
| | अन्य | |
| | सामुदायिक | ५ |
| | संस्थागत | १ |
| | अन्य | |
| उच्च माध्यामिक विद्यालय | सामुदायिक | ४ |
| | संस्थागत | ३ |
| | अन्य | |
| क्याम्पस | सामुदायिक | १ |
| | संस्थागत | १ |
| | अन्य | |
| मदरसा | | २ |
| प्रविधिक शिक्षालय | | २ |
| गृहीणी महिला विद्यालय | | १ |

राष्ट्रिय जनगणना २०६८ अनुसार लमही नगरपालिकाको साक्षरता दर ७०.३३ प्रतिशत रहेको छ । पढ्न र लेख्न दुवै जान्ने ५ वर्ष वा सो भन्दा माथिको जनसंख्यालाई ५ वर्ष वा सो भन्दा माथिको कुल जनसंख्याले भाग गर्दा साक्षरता दर प्राप्त हुन्छ । नगरपालिकामा ४३,३६१ जना ५ वर्ष वा सो भन्दा माथिको जनसख्या मध्ये ३०,४९४ जनाले पढ्न र लेख्न दुवै जान्ने गरेको पाइएको थियो । यसै आंकडाको आधारमा उक्त साक्षरता दर निकालिएको हो । नगरपालिकामा

पुरुषको तुलनामा महिलाहरु कम साक्षर रहेको समेत जनगणनाले देखाएको छ। नगरपालिकामा पुरुष साक्षरता ७८ प्रतिशत हुँदा महिलाहरु भने ६३.२८ प्रतिशतमात्र साक्षर रहेको देखिएको छ ।

जनगणनाकै नतिजावाट लमही नगरपालिकामा पाँच देखि पच्चिस वर्षका जनसंख्या मध्ये करिव ७० प्रतिशत जनसंख्या हाल स्कूल/कलेज गईरहेको पाईएको छ । सो उमेर समुहका वाँकी जनसंख्या स्कूल/कलेजको शिक्षावाट वञ्चित रहेको  उक्त अध्ययनले देखाएको छ । साथै नगरपालिका क्षेत्रमा पाँच बर्ष वा सो भन्दा माथिका र कुनै न कुनै शिक्षा लिएका जनसंख्या मध्ये एम. ए. वा सो सरह उत्तीर्ण गरेकाको संख्या ११५ देखियो भने वि.ए. वा सो सरह उत्तीर्ण गरेकाको संख्या ५०२ रहेको पाईयो । जनगणनामा स्थायी ठेगाना लमही नगरपालिका भई हाल शिक्षा वा रोजगारीको सिलसिलाका अन्यत्र रहेका जनसंख्यालाई लमही नगरपालिकाको जनसंख्यामा समावेश नगरी हाल अस्थायी वसोवास गरेको क्षेत्रमा गणना गरिने हुँदा यो संख्या कम देखिएको हो । जनगणनाको शिक्षा क्षेत्र सम्वन्धी विस्तृत तथ्यांक यसै प्रतिवेदनको परिच्छेद ३ मा उल्लेख गरिएको छ ।

## २.५ प्राकृतिक श्रोत साधनको अवस्था:

लमही नगरपालिकाको भू क्षेत्र तराई र चुरे क्षेत्रहरु मिलेर वनेको छ । यस्तो भूवनोटले गर्दा यस क्षेत्रमा प्राकृतिक स्रोतको आधारमा ठूलो विविधता पाईन्छ । नगर क्षेत्रमा वनजंगल प्रचुर मात्रमा उपलव्ध छ  । विविध प्रकारका वनस्पति तथा वन्यजन्तु पाईने यी वनजंगलहरु घांस, दाउरा र काठका मुख्य स्रोतहरु हुन । वनस्पतिका विविध प्रजातिहरु यी वन जंगलमा पाईन्छन । साल, साज, सिसौ खयर, जामुन, रोईनी, धौति आदि विभिन्न प्रजातिका काठजन्य वनस्पति यस क्षेत्रका वनजंगलहरुमा प्रशस्तै पाईन्छन् । विभिन्न किसिमका गैह्र काष्ठ बन पैदावार, औषधिय जडिबुटी तथा फलफूल समेत यी जंगलमा भेटिन्छन् । प्राय : सवै वडाहरुमा सामुदायिक वनहरु रहेका छन् भने सरकारी वन तथा धार्मिक वनहरु पनि यस क्षेत्रमा रहेका छन् । नगर क्षेत्रमा रहेका सामदायिक वनहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २.५ : नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक वनको विवरण

| वडा नं | नाम | क्षेत्रफल (हेक्टर) | लाभान्वित घरधुरी |
|---|---|---|---|
| १ | बकेन सा.व., नर्ति | ४९९.८८ | ६७० |
| | भवानी सा.व., नर्ति | १३.६ | २२३ |
| | सुनडबरी सा.व., सुनडबरी | २६२.९५ | २९३ |
| | जनता सा.व., सुनडबरी | २६४.२६ | ३१५ |
| | बराह सा.व., रातामाटा | ८७.१३ | १०४ |
| | देविस्थान सा.व., सित्लापुर | १९६.६९ | १२१ |
| | गाबुखोला सा.व., बौराहा | १९५.०६ | १७३ |
| | कुन्टेपानी सा.व., बौराहा | १९९.७८ | १४८ |
| | बराह सा.व., कौडिया | २६५.२७ | ३०७ |
| ३ | टिकुलीगढ सा.व., टिकुलीगढ | २५९.२१ | १९६ |

| | | | |
|---|---|---|---|
| | जखेरा सा.व., श्रीगाउँ | ३०८.६४ | ३३४ |
| | त्रिशक्ति अर्नवा सा.व., फल्कापुर | १२३.३६ | २१५ |
| | नारायणेश्वर सा.व., नारायणपुर | ४५१.९५ | ५४४ |
| | बनगाउँ सा.व., बनगाउँ | ४४९.३३ | ५३४ |
| ४ | घुम्ना सा.व., घुम्ना | १५.५ | २३२ |
| | चपरखोला सा.व., अर्नवा | ४३७.८७ | २५१ |
| ५ | मिलन महिला सा.व., कुलमोहर | ३.२१ | ३७ |
| | अजम्बरी सा.व. लमही | ५५० | ५५१ |
| | दुमदुमा सा.व., मध्यनगर | ४०.४ | ११६ |
| | मनकामना सा.व., खैरी | १८ | ७६ |
| ६ | सिसौबगर सा.व., देउपुर | ४८ | ३२ |
| ७ | श्री नवशान्ती सावउस | २५० | १५० |
| | हस्नापुर सावउस | १७ | ११२ |
| | स्वर्गद्वारी सावउस | २०१ | १६० |
| | अर्जुन महिला सावउस | २९ | १११ |
| | हस्नापुर महिला सावउस | - | ११७ |
| | करि सावउस | ४७१ | २४० |
| | उचानिम्बु सावउस | ६४६ | २१७ |
| ८ | चित्रकोट सावउस | २६० | ११४ |
| | शिवशक्ति बाख्रा बि सावउस | ४४७ | १३० |
| | लक्ष्मी सावउस | ४५७ | २०१ |
| | जुरपानी सावउस | ३९७ | ११३ |
| | उपकार सावउस | २७७ | १५७ |
| | भद्रकुण्डा सावउस | ४९५ | ९० |
| | सिम्पानी सावउस | २४५ | ६० |
| ९ | श्री वगारबाबा सावउस | ८४६ | १३७ |
| | तेलिया हरियाली सावउस | १०२१ | १४९ |
| | अमेल्वीबास महिला सावउस | - | ९१ |
| | हरियाली सावउस | ५३५ | ६५ |
| | आमखोली सावउस | ४८६ | १५ |
| | मूलखोला सावउस | २७० | ८८ |
| | गुप्ती सावउस | ३४१ | ७६ |
| | भिमबाधँ सावउस | - | ४६ |
| | कालीखोला सावउस | ४९५ | ११० |

## २.६ आर्थिक अवस्था, उद्योग धन्दा र पेशा व्यवसायः

यस नगरपालिकाका अधिकांस वासिन्दाहरु कृषि क्षेत्रमा निर्भर छन् । समथल र सिंचाई सुविधा पुगेका स्थानहरुमा कृषकहरु कृषि क्षेत्रवाटै राम्रो आम्दानी गरिरहेका छन् भने पहाडी र दुर्गम ग्रामिण ईलाकाका वासिन्दाहरु अझै पनि निर्वाह मुखी खेतीमै भर पर्नुपरेको छ । कृषि कार्यमा लागेका कृषकहरु मुख्य गरी पशुपालन र तरकारी खेती गर्दछन् । परम्परागत रुपमा धान, गहुँ र मकैको खेती गर्ने कृषकहरु पनि उल्लेख्य छन् ।

वजार क्षेत्र र राजमार्ग वरपरका केही व्यक्तिहरु व्यापार व्यवसायमा पनि लागेको देख्न सकिन्छ । केही व्यक्तिहरु साना तथा घरेलु उद्योग संचालन गरी नगर क्षेत्रमा केही रोजगारी समेत सिर्जना समेत गरेको देख्न सकिन्छ । यस्ता उद्योगहरुमा मिनरल वाटर उधोग, पोल्टी उधोग, सावुन, दालमोठ र फर्निचर उद्योगहरु रहेका छन् । साविक सतवरिया गा.वि.स.मा एक सिमेन्ट उद्योग निर्माणको चरणमा रहेको छ । उक्त उद्योग संचालनमा आए पश्चात् उक्त क्षेत्रमा उल्लेख्य रोजगारी सिर्जना हुने र वरपरको समग्र आर्थिक क्षेत्रमा समग्र सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

नगरपालिकाको अभिलेख र नगरपालिका क्षेत्रमा संचालित भएका ससाना उद्योग व्यवसाय को अवस्था हेर्दा सवै पेशा व्यवसायहरु नगरपालिकामा दर्ता भएको पाईएन । कतिपय उद्योगहरु अन्यत्रै दर्ता भई संचालन हुने र कतिपय अनौपचारिक रुपमा कतै पनि दर्ता नै नभई संचालनमा आएको हुँदा अभिलेखमा असमाञ्स्यता देखिएको सहजै अनुमान गर्नृ सकिन्छ । नगरक्षेत्रमा संचालन भएका सवै पसल तथा उद्योगहरुलाई कार्यालयको दायरामा ल्याउन सके राजस्व वृद्धि हुनुका साथै अभिलेख प्रणालीमा पनि सुधार हुने देखिन्छ । नगरपालिकामा दर्ता भएका यस्ता उद्योगहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.६कः लमही नगरपालिकाको अभिलेखमा भएका व्यवसाय तथा उद्योगको विवरण

| क.स | नाम | किसिम | अवस्था | रोजगारीको संख्या | उत्पादन हुने बस्तु |
|---|---|---|---|---|---|
| १. | एस.एम वि ड्रिङकि वाटर एण्ड बेभरेज | उत्पादन | | ७ | मिनरल बाटर तथा जुस |
| २ | स्वगद्वारी पोल्ट्री ब्रिडिङ एण्ड एग्रीकल्चर प्र.ली | उत्पादन | | २० | अन्डा तथा चल्ला |
| ३ | प्रमोद चाउमिन उद्योग | उत्पादन | | ५ | चाउनमिन |
| ४ | श्रृष्टि साबुन उद्योग | उत्पादन | बन्द | ० | साबन |
| ५ | प्रभु फर्निचर उद्योग | उत्पादन | | ७ | फर्निचर |
| ६ | दलमोट चाउमिन सस एण्ड फुरनदाना उद्योग | उत्पादन | | १० | दालमोट, चाउमिन |
| ७ | बेकरी उद्योग | उत्पादन | | ४ | केक पाउरोटि |
| ८ | आल्मुनीयम उद्योग | सेवा | | ५ | दराज , ढोका |
| ९ | ग्रील उद्योग | सोवा | | ६ | ग्रल , पल्ला |
| १० | जोया स्टील फर्निचर उद्योग | उत्पादन | | ८ | फर्निचर |
| ११ | मौषम फर्निचर उद्योग | उत्पादन | | ९ | फर्निचर |
| १२ | प्रदिप फर्निचर उद्योग | उत्पादन | | ५ | फर्निचर |
| १३ | थानु फर्निचर उद्योग | उत्पादन | | ७ | फर्निचर |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | जयन्ती काष्ठ उद्योग | उत्पादन | | १२ | फर्निचर |
| १५ | के.एम .एस ड्रिलिङ कन्सट्रक्सन | सेवा | | ७ | |
| १६ | राप्ती फर्निचर उद्योग | उत्पादन | | १० | फर्निचर |

तालिका २.६खः साविकको सतवरिया गा.वि.स.( हाल लमही न.पा. ७,८,९) मा भएका व्यवसाय तथा उद्योगहरुको विवरण

| वडा नं. | नाम | किसिम | अवस्था | उत्पादन हुने बस्तु |
|---|---|---|---|---|
| ७ | सम्राट सिमेन्ट उद्योग | ठूला उद्योग | निर्माणाधिन | सिमेन्ट |
| ७ | सम्राट वालुवा वासिंग उद्योग | ठूला उद्योग | निर्माणाधिन | वालुवा |
| ७ | आर एस वालुवा वासिंग उद्योग | ठूला उद्योग | चालु | वालुवा |
| ७ | ओम राईस मिल उद्योग | साना उद्योग | चालु | खाद्यान्न |
| ७ | श्याम राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ७ | अनन्त राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ७ | वुढाथोकी वालुवा वासिंग उद्योग | ठूला उद्योग | चालु | |
| ७ | शिवम् ग्याविनो वायर उद्योग | मझौला उद्योग | चालु | तार जालि |
| ७ | गूरुपाल मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ७ | सत्यसाई मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ८ | राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ८ | सत्यसाई कंक्रीट पोल उद्योग | मझौला उद्योग | चालु | विजुली पोल |
| ८ | भेली उद्योग | साना उद्योग | चालु | भेली |
| ८ | राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ८ | वसन्ती राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ८ | राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ८ | राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ९ | राईस मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ९ | मिल | साना उद्योग | चालु | खाद्यान्न |
| ९ | वुढाथोकी कारपेन्टाईन ईन्डस्टिज | मझौला उद्योग | हाल वन्द | खोटो |

माथि उल्लेखित ससाना उद्योगहरुको तथ्यांक नगरपालिकामा दर्ता भएकाको आधारमा तयार पारिएको हो । अन्यत्र दर्ता भई तथा दर्ता नै नभई अनौपचारिक रुपमा संचालनमा रहेको ससाना व्यापार तथा उधोग व्यवसाय पनि नगर क्षेत्रमा थुप्रै देख्न सकिन्छ । पेटोल पम्प, अटो वर्क शप, फर्निचर, मनि टान्सफर, कम्प्यूटर तालिम केन्द्र, फोटो स्टूडियो, पसल व्यवसाय, निर्माण सामग्री सप्लायर्स आदि विविध व्यवसायमा नगरवासीहरु लागेको देख्न सकिन्छ ।

नगर क्षेत्रवाट प्राकृतिक स्रोत साधनहरुमा मुख्य गरी वालुवा र ढुंगा र गिट्टि को निकासी हुने गर्दछ । नगर क्षेत्रमा प्रशस्त मात्रामा खोलानालाहरु रहेकोले यी वस्तुहरुको निकासीलाई व्यवस्थित गर्न सके नगरको प्रमुख आम्दानीको स्रोत यस क्षेत्रलाई वनाउन सक्ने देखिन्छ । यस वाहेक काठ दाउरा को निकासी पनि उल्लेख्य हुन्छ । नगरको चुरेक्षेत्रमा वनजंगलका प्रशस्त पाईने हुँदा काठजन्य वस्तुहरुको निकासी पनि नगरको प्रमुख निकासी जन्य वस्तु मध्ये एक रहेको हो । कृषिजन्य वस्तुहरुमा धान, गहु र मकै आदि वस्तुहरु पनि यस क्षेत्रवाट अन्य स्थानहरुमा निकासी हुने गर्दछ । तरकारी, स्थानीय फलफुल र केही औद्योगिक उत्पादनका वस्तुहरु समेत नगर क्षेत्रवाट निकासी हुने गरेको देख्न सकिन्छ ।

## २.७ सरकारको उपस्थिती एवं सुशासनः

लमही नगरपालिका क्षेत्रमा सरकारका विभिन्न अंगहरुको उपस्थिति रहेको छ । सरकारी कार्यालयहरु, सेना तथा प्रहरीका ईकाईहरु, विभिन्न आयोजना तथा कार्यक्रमका कार्यालयहरु नगरपालिकामा अवस्थित रहेका छन् । लमही वजारमा एक ईलाका प्रशासन कार्यालय रहेको छ । त्यस्तै कृषि, पशु, हुलाक तथा वनका ईलाका कार्यालयहरु समेत नगरक्षेत्रमा रहेका छन् । यी कार्यालयहरुवाट नगरका वासिन्दाहरुले विविध सेवा प्राप्त गरिरहेका छन् । विद्युत तर्फ १०३२ के.भी प्रसार लाईनको कार्यालय समेत लमहीमा रहेको छ । प्रगन्न सिंचाई आयोजना तथा अर्जुन खोला सिंचाई आयोजनाका कार्यालयहरु पनि लमहीमै रहेका छन् । भूमिगत जलश्रोत विकास परियोजना र जनताको तटवन्ध कार्यक्रम पनि लमही नगर क्षेत्रमा लागू गरिएका छन् । सुरक्षा निकाय तर्फ नेपाली सेनाको तारादल गण लमही नगरपालिका वडा नं. ५ को अर्जुनखोलामा अवस्थित छ भने सशस्त्र सीमा सुरक्षावलपनि अर्जुनखोलामै अवस्थित छ । यी वाहेक अमिलियामा ईलाका प्रहरी कार्यालय र अन्य विभिन्न स्थानहरुमा वडा प्रहरी कार्यालयहरु तथा अस्थायी प्रहरी विटहरु रहेका छन् । लमही वजारमा एउटा कृषि उपज संकलन केन्द्र निर्माण गरिएको छ जसमा कृषि जन्य उत्पादनहरु संकलन तथा विक्रि वितरण गर्ने गरिन्छ । नगर क्षेत्रमा रहेका सरकारी कार्यालयहरुको नाम तथा ठेगाना तल उल्लेख गरिएको छ ।

तालिका २.७ः नगर क्षेत्रमा रहेका सरकारी कार्यालयको विवरण

| सि.नं. | कार्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | ईलाकाप्रशासन कार्यालय | लमही ५ |
| २ | कृषि सेवा केन्द्र | लमही ५ |
| ३ | पशु सेवा केन्द्र | लमही ५ |
| ४ | इलाका हुलाक कार्यालय | लमही ५ |
| ५ | सेक्टर वन कार्यालय | लमही ५ |
| ६ | कृषि उपज संकलन केन्द | लमही ५ |
| ७ | विद्युत १०३२ के. भी. प्रसार लाइन कार्यालय | लमही ५ |
| ८ | भूमिगत जलश्रोत कार्यालय | लमही ५ |
| ९ | प्रगन्न सिचाई योजना, | लमही ५ |
| १० | अर्जुन खोला सिचाई योजना | लमही ५ |
| ११ | भुमिगत जलश्रोत विकास परियोजना | लमही ५ |
| १२ | जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय | लमही ५ |
| १३ | जनताको तटबन्धन कार्यालय | लमही ५ |
| १४ | कृषि सामग्री संस्थान कार्यालय | लमही ५ |
| १५ | नेपाल टेलिकम | लमही ५ |
| १६ | नेपाल विद्युत प्राधिकरण | लमही ५ |
| १७ | प्राथमिक स्वास्थ्य केन्द्र | लमही ५ |
| १८ | स्वास्थ्य चौकी | लमही २, सोनपुर |

| | | |
|---|---|---|
| १९ | नेपाली सेना तारादल गण | लमही ५, अर्जुनखोला |
| २० | सशस्त्र सिमा सुरक्षावल | लमही ५, अर्जुनखोला |
| २१ | वडा प्रहरी कार्यालय | लमही ५, लमही |
| २२ | ईलाका प्रहरी कार्यालय | लमही ९, अमिलिया |
| २३ | अस्थायी प्रहरी विट | लमही १, नर्ति |
| २४ | ईलाका वन कार्यालय | लमही १, नर्ति |
| २५ | अस्थायी प्रहरी विट | लमही ८, सतवरिया |
| २६ | प्रहरी चौकी | लमही ८ |
| २७ | स्वास्थ्य चौकी | लमही, ८ |
| २८ | ईलाका वन कार्यालय | लमही, ८ |

## २.८ गैर सरकारी, सामाजिक तथा राजनीति क्षेत्रः

कुनै पनि स्थानको विकासको लागि सरकारी क्षेत्रका साथै समाजिक संघसंस्थाहरुको पनि उत्तिकै भूमिका हुन्छ । सरकारी निकायहरुको पहुँच नपुगेका तह र तप्कामा समेत त्यहाँका जनताको आर्थिक सामाजिक विकासमा यस्ता गैर सरकारी संस्थाहरुले सकारात्मक भूमिका खेलेका हुन्छन् । नगर क्षेत्रमा क्रियाशिल केही यस्ता विविध संस्थाहरुको विवरण तल उल्लेख गरिएको छ ।

तालिका २.८कः नगरपालिकामा क्रियाशिल विविध उद्देश्यका संघसंस्थाहरुको विवरण

| सि.नं. | संघ/ संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सामुदायिक विकास मंच (गैसस ) | लमही- ५ |
| २ | दलित सचेतना अभियान (गैसस ) | लमही- ५ |
| ३ | स्वान , दाङ (गैसस ) | लमही- ५ |
| ४ | रेडियो नयाँयुग | लमही- ५ |
| ५ | रेडियो हाइवे | लमही- ५ |
| ६ | रेडियो देउखुरी | लमही- ५ |
| ७ | नयाँ युग कृषि सहकारी | लमही- ७ |
| ८ | दिपन सा.म.स.सहकारी | लमही - ७ |
| ९ | कर्मठ सामाजिक उद्यमी महिला सहकारी | लमही - ९ |
| १० | स्वाबलम्बन सहकारी | लमही - ७ |
| ११ | ग्रमीण सहकारी | लमही - ७ |
| १२ | सतबरिया कृषक सहकारी | लमही - ८ |
| १३ | सयपत्री | लमही - ७ |
| १४ | सिद्ध सचेतना महिला बचत तथा ऋण | लमही - ८ |
| १५ | सानाकिसान सहकारी | लमही - ८ |
| १६ | हरितारा महिला कृषि सहकारी | लमही - ८ |
| १७ | संगीनी महिला कृर्षि सहकारी | लमही - ८ |

विविध प्रकारका गैरसरकारी संस्थाहरु वाहेक वडा नागरिक मंच, नागरिक सचेतना केन्द्र र विभिन्न उद्देश्यका साथ गठन भएका संजालहरुले समेत नागरिकका आवाजहरुलाई संगठीत गर्दै आवश्यक स्थानहरुमा उठाउने गरेका छन् । यी संस्थाहरुले नगरका विभिन्न आर्थिक

सामाजिक एवं विकास निर्माणका कृयाकलायहरुमा आफ्ना विचारहरु संगठीत रुपमा राख्ने गर्दछन् । नागरिकको समग्र जनचेतना अभिवृद्धि गर्ने सवालमा समेत टेवा पुर्‍याउने यस्ता संस्थाहरुको विवरण तल उल्लेख गरिएको छ ।

तालिका २.८ख : वडा नागरिक मञ्च संयोजकहरुको नामावली

| वडा नं. | नाम | फोन नं. |
|---|---|---|
| १ | कमला पोखेल | ९९४७८४८३०९ |
| १ | नुमा पौडेल | ९८२२८८८०१२ |
| २ | दयावती चैधरी | ९८४७८९३५३७ |
| २ | सुनिता चौधरी | ९८०६२९७६३० |
| ३ | तुलसा के.सी. | ९८१३८५४९८१ |
| ३ | जनक चौधरी | ९७४८५०११६० |
| ४ | कुसुम चौधरी | ९८०२६०७०३९ |
| ४ | कृष्णा थापा | ९८४७८७८५८७ |
| ५ | सुसिला शर्मा | ९८४४९२६०३३ |
| ६ | कृष्णा चौधरी | ९८०६२३८७६२ |
| ६ | अनिता चौधरी | ९८६८५६२६८८ |
| ७, ८ र ९ को वडा नागरिक मञ्च सम्वन्धी विवरण प्राप्त नभएको । | | |

तालिका २.८गः नागरिक सचेत केन्द्रका संयोजकहरुको विवरण

| वडा नं. | नाम थर | फोन नं. |
|---|---|---|
| १ | राक कृष्णी चौधरी | ९८०९७१४१५८ |
| १ | गौरी के.सी. | ९८०९८१०३२३ |
| २ | बविता चौधरी | ९८०५४४४५७२ |
| ४ | आशा चौधरी | |
| ४ | माया खड्का | ९८०९७७२२८५ |

तालिका २.८घ : सामाजिक परिचालन अर्न्तरगत स्थापना भएका संजालहरुको विवरण

| क.सं. | संजाल | नाम थर | फोन नं. |
|---|---|---|---|
| १ | वाल संजाल | अध्यक्ष उज्जल चौधरी | |
| २ | युवा संजाल | अध्यक्ष गौरव आर्चाय | ९८४७९०५०९० |
| ३ | महिला संजाल | उपाध्यक्ष दिपा बुढाथोकी | ९८४७८२५७०७ |
| ४ | अपांग संजाल | उपाध्यक्ष धन बहादुर कुमाल | |

राजनीतिक दल तर्फ प्रायः सवै राष्ट्रिय पार्टीहरु लमही नगरपालिकामा क्रियाशिल छन् । राजनीतिक दलहरुको विवरण तलको तालिकामा दिईएको छ ।

तालिका २.८ङ : नगरपालिकामा क्रियाशिल राजनीतिक दलहरुको विवरण :

| सि.नं. | राजनैतिक दलको नाम | नगर तहको प्रमुख |
|---|---|---|
| १ | नेपाली काँग्रेस | हरिहर शर्मा |
| २ | ने.क.पा.एमाले | दण्डी राम चौधरी |
| ३ | ने.क.पा.(माओबादी केन्द्र) | चक्र बहादुर खडका |
| ४ | संघिय लोकतान्त्रिक फोरम | जगन नारायण चौधरी |
| ५ | रा.प्र.पा.नेपाल | हरि नारायण चौधरी |
| ६ | जनमोर्चा | |
| ७ | रा.प्र.पा. | विसराम चौधरी |
| ८ | संघिय समाजवादी फोरम | हनुमान चौधरी |
| ९ | नयाँ शक्ति नेपाल | प्रदिप रेग्मी |

## २.९ मतदान केन्द्र तथा मतदाता सम्वन्धी विवरण:

वि.सं. २०७४ को गाउँपालिका/नगरपालिका निर्वाचन प्रयोजनको लागि लमही नगरपालिकामा जम्मा २४,९७५ मतदाता रहेका छन् । सवैभन्दा वढी मतदाता १ नं वडामा ३,६२१ रहेका छन् भने सवै भन्दा कम ९ नं वडामा १,६९२ जना मतदाता रहेका छन् । नगरपालिकामा जम्मा १३ मतदान स्थल र २९ वटा मतदान केन्द्र रहेका छन् । वडा अनुसार तथा मतदान केन्द्र अनुसारको मतदाताको संख्या तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २.९: वडा तथा मतदान केन्द्र अनुसार मतदाता संख्या

| वडा नं. | मतदाता संख्या | मतदान केन्द्र | मतदाता संख्या |
|---|---|---|---|
| १ | २,६५२ | साविक सोनपुर गा.वि.स. भवन क | ८९६ |
| | | साविक सोनपुर गा.वि.स. भवन ख | ८९६ |
| | | साविक सोनपुर गा.वि.स. भवन ग | ८६० |
| २ | ३,६१६ | मा.वि. सोनपुर क | ८१२ |
| | | मा.वि. सोनपुर ख | ७६६ |
| | | हिमालय मा.वि. सोनपुर क | १,०३६ |
| | | हिमालय मा.वि. सोनपुर ख | १,००२ |
| ३ | ३,६२१ | वाल जनता मा.वि. वनगाउँ क | ९२४ |
| | | वाल जनता मा.वि. वनगाउँ क | ९२३ |
| | | मा.वि. फल्कापुर क | ९८६ |
| | | मा.वि. फलकापुर ख | ८७८ |
| ४ | २,६९२ | जनज्योति आ.वि. घुमना क | ९२४ |
| | | जनज्योति आ.वि. घुमना ख | ९२४ |
| | | जनज्योति आ.वि. घुमना ग | ८४४ |
| ५ | ३,२६३ | लमही न.पा. कार्यालय क | ८४० |
| | | लमही न.पा. कार्यालय ख | ८४० |
| | | लमही न.पा. कार्यालय ग | ८४० |

| | | | |
|---|---|---|---|
| | | लमही न.पा. कार्यालय घ | ७४३ |
| ६ | २,५७९ | प्रा.वि. दुम्दुमा खैरी क | ८६८ |
| | | प्रा.वि. दुम्दुमा खैरी ख | ८६८ |
| | | प्रा.वि. दुम्दुमा खैरी ग | ८४३ |
| ७ | २,३८७ | अर्जुन आ.वि. हस्नापुर क | ८६८ |
| | | अर्जुन आ.वि. हस्नापुर क | ८६५ |
| | | उचानिम्वु सामुदायिक भवन | ६५४ |
| ८ | २,४३३ | ज्ञानज्योति आ.वि. भौका क | ८१२ |
| | | ज्ञानज्योति आ.वि. भौका क | ८१२ |
| | | ज्ञानज्योति आ.वि. भौका क | ८०९ |
| ९ | १,६९२ | वगार वावा मा.वि. रिहार | ७११ |
| | | मा.वि. अमिलिया | ९८१ |
| जम्मा | २४,९७५ | | २४,९७५ |

श्रोत : निर्वाचन आयोग, २०७४

## २.१० व्यक्तिगत घटना दर्ताको अवस्थाः

हालको लमही नगरपालिका (साविकको लमही न.पा. र सतवरिया गा.वि.स.मा दर्ता भएका जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाईसराई सम्वन्धी व्यक्तिगत घटनाका विवरणहरु तल उल्लेखित गरिएको छ ।

## २.१०क. जन्म तथा मृत्युः

लमही नगरपालिकाका सवै ९ वटैमा वडामा गरी गत वर्ष २०७२ को वैशाख देखि चैत्र मसान्त सम्म १,१२२ जना वालिका र १,१८५ वालिका सहित जम्मा २,३०७ जना वालवालिकाको जम्म दर्ता भएको पाईन्छ । त्यसै गरी १४१ जना महिला र २४० जना पुरुष गरी जम्मा ३८१ जनाको मृत्यु दर्ता भएको अभिलेखवाट देखिन्छ ।

तालिका २.१०क : जन्म तथा मृत्यु दर्ताको अवस्था

| **जन्म दर्ता** | | | **मृत्यु दर्ता** | | |
|---|---|---|---|---|---|
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| **२,३०७** | **१,१२२** | **१,१८५** | **३८१** | **१४१** | **२४०** |

## २.१०ख. विवाह तथा सम्वन्ध विच्छेदः

नगरपालिका तथा साविकको गा.वि.स. को अभिलेख अनुसार गत एक वर्षमा ७५७ जोडीको विवाह अभिलेख दर्ता भएको तथा सम्वन्ध विच्छेद ५ जोडीको भएको देखिन्छ ।

तालिका २.१०ख : विवाह दर्ता तथा सम्वन्ध विच्छेदको अवस्था

| **विवाह** | **सम्वन्ध बिच्छेद** |
|---|---|
| ७५७ | ७ |

## २.१०ग. वसाईसराईः

लमही नगरपालिकाको तथ्यांक अनुसार नगरपालिका क्षेत्रवाट वसाईसराई गरी अन्यत्र जानेहरुको संख्या भन्दा नगरपालिकामा भित्रिने संख्या अधिक छ । गत एक वर्षमा कुल ३९९ जना महिला र ३६५ जना पुरुष गरी जम्मा ७६४ जना वसाईसराई गरी नगरमा भित्रिएकोमा वसाई सराई गरी वाहिरिनेको संख्या ११६ महिला र १४७ पुरुष गरी जम्मा २६३ मात्र रहेको छ ।

तालिका २.१०ग : विवाह दर्ता तथा सम्वन्ध विच्छेदको अवस्था

| **वसाई सराई** | | | | | |
|---|---|---|---|---|---|
| **गरि आएको** | | | **गरि गएको** | | |
| जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष |
| **७६४ ३९९** | **३९९** | **३६५** | **२६३** | **११६** | **१४७** |

## २.११ वित्तिय अवस्थाः

लमही नगरपालिकाको आ.व. २०७२/७३ देखि २०७४/७५ को अनुमानित आयको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।
तालिका २.११क. लमही नगरपालिकाको देखिको आय तर्फको विवरण :

| संकेत नं. | आय शिर्षक | आ.व.२०७२।०७३ को यथार्थ आय | आ.व.२०७३।०७४ को अनुमानित आय | आ.व.२०७३।०७४ को संशोधित अनुमानित आय | आ.व.२०७३।०७४ को २०७३पौष२०सम्म को यथार्थ आय | आ.व.२०७४।०७५ को अनुमानित आय |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक श्रोत | | | | | |
| १.१ | स्थानीय कर | | | | | |
| १.१.१ | मालपोत तथा भूमिकर | २८०५६३६।४६ | २३५०००० | २९४९७४१।११ | २४४१५८८।७९ | ३०५०००० |
| १.१.२ | घर जग्गा कर | ४०९१३०।७८ | ५५०००० | ५५०००० | ४६००८।३८ | ६५०००० |
| १.१.३ | बहाल कर | २०७७४।६३ | २७५००० | ७५००० | १८६९२।४४ | २७५००० |
| १.१.४ | विटौरी कर | | २००० | २००० | ० | २००० |
| १.१.५ | व्यवसाय कर | ५४६२५० | ११५५००० | ११६५००० | ३७५७७५ | १२५५००० |
| १.१.६ | सवारी कर | | | १०००० | ० | १५००० |
| १.१.६.१ | सवारी दर्ता तथा वार्षिक सवारी कर | ३३१५५ | ५०००० | ५०००० | २६२५ | ७५००० |
| १.१.६.२ | पटके सवारी कर | | ५००० | ५००० | ० | १५००० |
| १.१७.२ | वक्यौता सम्पति कर | १०१० | ९२५००० | २५००० | ० | ९२५००० |
| १.१.८ | मनोरञ्जन कर | | ५००० | ५००० | ० | ५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.१.९ | विज्ञापन कर | ७०५५० | २५०००० | १६०००० | ० | १६०००० |
| १.२ | सेवा शुल्क | | | | ० | |
| १.२.४ | सार्वजनिक सुविधा उपयोग शुल्क | | १०००० | १०००० | | १०००० |
| १.२.६ | अचल सम्पति मूल्यांकन सेवा शुल्क | ७२५१० | ५५०००० | ५५०००० | | ५५०००० |
| १.२.८.७ | अन्य सेवा सुल्क | ८१८८५।५ | | ८५००० | २११।६६ | १०५००० |
| १.२.९ | व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण | ७६९९० | | ८०००० | २०४६० | १००००० |
| १.३ | दस्तुर | | | | | |
| १.३.१ | दर्ता तथा नविकरवण दस्तुर | १४११९ | ३५०००० | ३५०००० | | ३५०००० |
| १.३.२ | नक्पास दस्तुर | ६७०९० | १०५०००० | १०५०००० | | १०५०००० |
| १.३.३ | सिफारिस तथा बक्सौनी दस्तुर | ३१३८३७६।४९ | २३५०००० | ३३५०००० | २९३६४२१।५ | ३५००००० |
| १.३.४ | नाता प्रमाणित दस्तुर | १९७८० | १२५००० | १२५००० | ५११० | १५०००० |
| १.३.५ | अन्य दस्तुर | ६११६६ | | ७५००० | | ८५००० |
| १.३.६ | निवदेन फारम दस्तुर | ४०७० | | ५००० | ३७० | ६५०० |
| १.३.११ | घर नक्सा निवेदन फारम सुल्क | १५८७५५ | | ७५००० | | ८५००० |
| १.३.१२ | घर नक्सा नामसारी सुल्क | २३२० | | ३००० | | ५००० |
| १.३.१४ | घर निमार्ण सम्पन्न प्रमाणपत्र सुल्क | १९९१० | | २०००० | | २५००० |
| १.४.१ | बिक्रि | | ७५००० | ५००० | | ५००० |
| १.६.२ | व्याज | ७८० | | १००० | | २५०० |
| १.७ | अन्य आय | | २५०००० | ५००० | ११०९१।६८ | १५००० |
| १.७.१ | दण्ड जरिवाना | | २५००० | २५००० | | ३५००० |
| १.७.२ | भाडा तथा बहालबाट आय | | ३०००० | १३०००० | १२५० | १२०००० |
| १.७.३ | धरौटी जफत | | | | | |
| १.७.५ | पेश्कि फिर्ता | | | | | |
| १.७.६ | अन्य विविध आय | १४७३३२।८६ | ५५०००० | १५०००० | | १५५००० |
| | जम्मा | ७७५१५९१।७२ | | ११०९०७४१।११ | ५८५९६०४।४५ | १२७८१००० |
| | गत आ.व.को आम्दानी | ३४५२३९३।७ | | ३५४८८०५।०५ | ३५४८८०५।०५ | ० |
| | आन्तरिक श्रोत जम्मा | ११२०३९८५।४२ | १०९३२००० | १४६३९५४६।१६ | ९४०८४०९।५ | १२७८१००० |
| | | | | | | |
| | राजस्व वांडफांड | २३०२३७७।८४ | २०००००० | २१००००० | | २५००००० |
| | राजस्व वांडफांड गत आ.व. | ६०६०२६ | | २९०८४०३।८४ | २९०८४०३।८४ | ० |
| | जम्मा राजस्व वांडफांड | २९०८४०३।८४ | | ५००८४०३।८४ | | २५००००० |
| | जम्मा | १४११२३८९।२६ | १२९३२००० | १९६४७९५० | १२३१६८१३।३ | १५२८१००० |
| | | | | | | |
| २ | बाहृय श्रोत | | | | | |
| २.१ | अनुदान | | | | | |
| २.१.१ | नेपाल सरकारबाट अनुदान | | | | | |
| २.१.१.१ | शशर्त अनुदान चालु | ७४२१९०० | ७१००००० | ५६०००००।०० | ५३९३००० | ६०००००० |
| | शशर्त अनुदान पुंजिगत | ३३३३३३३ | १०००००००० | ३१४०९०००।०० | ३१४०९००० | २६८८४००० |
| | स्थानीय विकास शूल्क कोष | ७३१५००० | ८७१७००० | | | |
| २.१.१.२ | निशर्त अनुदान चालु | | | | | |
| | निशर्त अनुदान पुंजिगत | २२१४२९०५ | २०६४४००० | ३७४०५०००।०० | ३७४०५००० | ३११४५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २.२.१ | जिल्ला विकास समिति अनुदान | | | | | |
| २.२.१.१ | शशर्त अुनदान पुंजिगत | १२६७०४३।०७ | ७५०००० | ७५०००००।०० | ५८०४४१।०७ | ७७५००० |
| | लागत सहभागिता | ४७५३१७१ | | ६५००००००।०० | | ८५००००० |
| | निशर्त अनुदान चालु | | | | | |
| | अ.ल्या. आम्दानी चालु | १६२९१०।३१ | | | | |
| | सामाजिक सुरक्षा अनुदान | १४६९२८०० | १७५००००० | ३७५००००००।०० | १२८३५००० | ३८५००००० |
